लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा

वेबसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np


## रा.प.अनं.द्वितीय श्रेणी (प्राविधिक), विभिन्न पदहरुको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना ।

**सूचना नं. ८/०७९-८० , मिति २०७९/०५/०८**

लोक सेवा आयोग, हेटौंडा कार्यालय, हेटौंडाको देहाय अनुसारको रा.प.अनं.द्वितीय श्रेणी (प्राविधिक) तर्फका विभिन्न विज्ञापन नं., सेवा, समूह, उपसमूह, पदको परीक्षा केन्द्र हेटौंडा राखी online बाट दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने गरी देहाय बमोजिमको मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । हेटौंडा परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन ।साथै तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन ।

**परीक्षा कार्यक्रम तथा परीक्षा भवन**

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/ समूह/ उपसमूह | परीक्षा मिति/ समय / समय अवधि | | उम्मेदवारहरुको रोल नं. | संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम-पत्र | द्वितीय-पत्र | | | |
| १ | १२५५१-१२५५३/०७८-७९ (आ.प्र, खुला, समावेशी) | अमिन | इञ्जि / सर्भे | २०७९/०५/२२ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९/०५/२२ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | | श्री वन विज्ञान अध्ययन संस्थान, हेटौंडा क्याम्पस, हेटौंडा । |
| २ | १२५५९-१२५६०/०७८-७९ (खुला, समावेशी) | सहायक कम्प्युटर अपरेटर | विविध | २०७९/०५/२३ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९/०५/२३ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | | |
| ३ | १२५५५-१२५५८/०७८-७९ (आ.प्र, खुला, समावेशी) | सिनियर गेम स्काउट | वन / ने.पा.एण्ड वा.ला | २०७९/०५/२६ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९/०५/२६ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | | |
| ४ | १२५५४/०७८-७९ (खुला ) | हेड फिल्ड असिष्टेन्ट | वन / बोटानी | २०७९/०५/२८ गते दिनको २:०० बजे (४५ मिनेट) | २०७९/०५/२८ गते दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | | |

लोक सेवा आयोग
# हेटौंडा कार्यालय
हेटौंडा
वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

**द्रष्टव्यः-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।

ख) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन ।

ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतिय सामाग्री निषेध गरिएको छ ।

ङ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

**च) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।**

छ) परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

***द्रष्टव्यः- २ संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संसोधन सहित) अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।***

क) परीक्षा केन्द्र प्रवेश गर्नु अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि स्यानिटाईजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा, परीक्षा केन्द्रबाट बाहिरिदा एकआपसमा दुई मिटरको दुरी कायम गर्नुपर्नेछ ।

ग) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्ण पालना गर्नु पर्नेछ ।

घ) कोभिड-१९ संक्रमित उम्मेदवारहरुको लागि **विशेष परीक्षा केन्द्रको** ब्यबस्था गरीने हुँदा सँक्रमित परीक्षार्थीहरु आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०५७-५२०३०२, ५२६८२२ र मोबाईल नंबर ९८५५०१९३०२ मा सम्पर्क गरी वा इमेल hetauda@psc.gov.np तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनुहुन सुचित गरिन्छ ।

| | | |
|---|---|---|
| कान्तिराज मैनाली<br>नायब सुब्बा | बद्रीनाथ सापकोटा<br>शाखा अधिकृत | तेज प्रसाद दाहाल<br>उप-सचिब |